# शिलबन्दि दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२।१०।१३ गते)**

नलगाड नगरपालिका अन्तर्गत सबैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको सहयोगमा वडा नं १, ४, ६, ९, ११, १२ र १३ मा सञ्चालित तपशिलका खानेपानी तथा सरसफाइ योजनाहरु तथा विद्यालय शौचालय निर्माणको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु तथा फिटीङ्गस् खरिद गर्नुपर्ने भएकोले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरवाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

## तपशिल

| सिलबन्दी दरभाउपत्र नम्बर | खानेपानी योजनाको नाम | उपभोक्ताको समितिको बैंक खाता नम्बर | सिलबन्दी दरभाउपत्रको अनुमानित रकम रु. (भ्याट बाहेक) | दरभाउपत्र खरिद रकम रु. (पछी फिर्ता नहुने) | बोलपत्र जमानत वापतको रकम रु. |
|---|---|---|---|---|---|
| DAWASH/SQ/04/082/083 | धारेखोला खानेपानी तथा सरसफाई उ.स. नलगाड नपा.०१, जाजरकोट | एनआईसी एसिया बैंक २३५४१५०११९७५७००२ | रु.२४,३६,६२२.२६ | रु. ३००० | ७३,०९८.६६ |
| MUSH/SQ/05/082/083 | मुग्रेखोला खानेपानी तथा सरसफाई उ.स.नलगाड नपा.०६, जाजरकोट | एनआईसी एसिया बैंक २३५४१५०११९७६०००४ | रु. २२,९४,८६४.३८ | रु. ३००० | ६८,८४५.९३ |
| DAWASH/SQ/06/082/083 | दम्का बहुउपयोगी खानेपानी तथा सरसफाई उ.स. नलगाड नपा.११, जाजरकोट | एनआईसी एसिया बैंक २३५४१५०११९७५९००२ | रु. १८,४८,७३५.२९ | रु. १००० | ५५,४६२.०५ |
| BNWASH/SQ/07/082/083 | श्री भानुभक्त मावि शौचालय निर्माण | एनआईसी एसिया बैंक N541052566552401 | रु.२३१,९८९.६० | रु. १००० | ६९५९.६८८ |
| TUWASH/SQ/08/082/083 | श्री त्रिभुवन मावि शौचालय निर्माण | एनआईसी एसिया बैंक N541052538152401 | रु. २३१,९८९.६० | रु. १००० | ६९५९.६८८ |
| BHWASH/SQ/09/082/083 | श्री बिरेन्द्र हिमालय प्रावि शौचालय निर्माण | एनआईसी एसिया बैंक N541052554852401 | रु. २३१,९८९.६० | रु. १००० | ६९५९.६८८ |
| BAWASH/SQ/10/082/083 | श्री भगवती प्रावि शौचालय निर्माण | एनआईसी एसिया बैंक N541052525452401 | रु.२,५०,००७.९५ | रु. १००० | ७५००.२३ |

**शर्तहरु :**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्गसहरु सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति फारम माथि उल्लेखित शुल्क तिरी (पछि फिर्ता नहुने गरी) नलगाड नगरपालिकाको दल्लीबजार शाखामा **रहेको एनआईसी एसिया बैंक लिमिटेड Account Name ANTARIK RAJASAWA KHATA-NALGAD NAGARPALIKA, Account Number 2352050029182002 मा नगदै रकम दाखिला गरेको भौचर प्रतिलिपि पेश गरेमा खरिद गर्न पाईनेछ र दरभाउपत्र पेश गर्दा सम्बन्धित उपभोक्ता समितिको नाममा बैंकमा रहेको खाता नम्बरमा बैंक खाता** नाममा वैकमा रहेको खाता नम्बरमा नगदै रकम दाखिला गरेको भौचर प्रतिलिपि वा वैकं ग्यारेन्टी सहीत लिखित निवेदनको साथमा सिलवन्दी दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणाको सक्कल प्रतिलिपी, फर्म दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, अद्यावधिक कर चुक्ताको प्रमाणपत्रहरु नोटरी पव्लिक फर्मबाट प्रमाणित भएको प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित भएको मितिले प्रन्धौ दिनको(२०८२।१०।२७) कार्यालय समय भित्र नलगाड नगर कार्यपालिकाको कार्यालय वा आयोजना सहयोग इकाई, सुर्खेत वाट खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रीतपूर्वक भरी सूचना प्रकाशित भएको सोह्रौ दिनको १२ बजे भित्र प्रचलित कानुन बमोजिम वैकं ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य वैंक वा वित्तीय संस्थाबाट न्युनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिनलाइ मान्य बोलपत्र जमानत सहितको ग्यारेन्टी पत्र वा सम्बन्धित उपभोक्ताको समितिको वैकमा रहेको खाता नम्बरमा नगदै जम्मा गरेको सक्कलै भौचर र उपभोक्ता समतिको अध्यक्षलाई निवेदन सहित फाराम खरिद गरिएको कार्यालयमा दर्ता गराउनु पर्नेछ भने सप्लायर्सले कुनै एक वा सबै योजनाको लागि दरभाउ पत्र पेश गर्न सक्नेछ तर सो दरभाउ पत्रहरु प्रत्येक योजनाको छुट्टा छुटै भरि छुट्टा छुटै सिलबन्दी गरेको हुनुपर्ने छ। दरभाउपत्र फाराम सिलबन्दी गरी सिलबन्दी दरभाउपत्र न., उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

Scanned with CamScanner

३. सम्भावित सप्लायर/आपूर्तिकर्ताहरुलाई खरिदको सूचना प्रकाशन भएको मितिले बाह्रौ दिन दरभाउपत्र फारम तथा खरिद गर्ने सामाग्रीहरुको स्पेसीफिकेसन वा कोटेशन पेश गर्ने तरिका आदिका बारेमा जानकारी दिन Pre-Bid Meeting गरिनेछ। यस्तो मीटिंग नगरपालिकाको कर्यालयमा व्यक्तिगत भेला गरेर वा दुरस्थ (online) मध्यम बाट समेत गर्न सकिनेछ। साथै सप्लायर/आपूर्तिकर्ताबाट यस्तो जानकारी माग भएमा कुनै पनि समय ईमेल वा पत्रको माध्यमबाट समेत दिइनेछ र सो को जानकारी अन्य सप्लायर/आपूर्तिकर्तालाई समेत दिइनेछ ।

४. सफल दरभाउ पत्र दाताले दरभाउ पत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटि भएमा ५ प्रतिशत र वढि घटि भएमा कार्य सम्पादन जमानत रकम = [०.८५ × लागत अनुमान - कबोल मुल्य) ×०.५] + ५% कवोल मुल्यको हिसाव गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ताको समितिको वैक खातामा जम्मा गर्न पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफैं उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सकिनेछ। हुलाक वा कुरियर मार्फत पठाइएको सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सोह्रौ दिनको १२ बजे( २०८२।१०।२८गते)बजे भित्र खरिद गरिएको कार्यालय सुस्वा आयोजना सहयोग इकाई, सुर्खेत वा नलगाड नगरपालिका दल्लीमा प्राप्त भैसक्नुपर्नेछ ।

६. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थान सम्म ढुवानी भै सामग्रीहरु प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाच गरेपछि मात्र सप्लाइ भएको सामानको भुक्तानी दिइनेछ ।

७. उपरोक्तानुसार प्राप्त भएका दरभाउपत्रहरु मिति २०८२।११।०१ मा नलगाड नगर कार्यपालिकाको कार्यालय दल्लीमा खरिद समितिका प्रतिनिधिहरु तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

८. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरुमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ।

९. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

११. यस सम्बन्धी थप शर्तहरु दरभाउपत्र फाराम साथै उपलब्ध गराइनेछ। अन्य शर्तहरु आयोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ ।

१२. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना नलगाड नगरपालिका, दल्लीको सूचना पाटीमा टाँस गरिनेछ ।

१३. अन्य थप जानकारी चाहिएमा जाजरकोट जिल्ला नलगाड नगरपालिका अन्तर्गत खानेपानी, सरसफाइ तथा स्वच्छता इकाई (मोवाईल नम्बर ९८५८०५५१७० ) मा सम्पर्क गर्न सकिनेछ ।

संयुक्त खरिद समिति

Scanned with CamScanner